जि.प्र.का.झापा द.नं.६९१ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - १२० | २०८३ वैशाख १८ गते शुक्रबार | Friday, 01 May 2026 | मूल्य ७ /-



## संघर्षको इतिहास र नेपालका श्रमिकको यथार्थ

प्रचिन विष्ट

(३)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।

# सुधार र चुनौतीहरू बीच विद्यार्थी भर्ना अभियान

बाबुराम क्षेत्री

**दमक**/ नेपालको शिक्षा क्षेत्र पछिल्लो समय गम्भीर बहस र सुधारको केन्द्रबिन्दु बनेको छ। राज्यले शिक्षामा ठूलो लगानी गर्दै आए पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको गुनासो बढ्दो छ। निजी र सामुदायिक विद्यालयबीचको गुणस्तरको खाडल अझै फराकिलो बन्दै गएको छ, जसले सामाजिक असमानता मात्र होइन, अवसरको असन्तुलन पनि सिर्जना गरेको छ। आर्थिक रूपमा सबल परिवारका बालबालिका निजी विद्यालयमा अंग्रेजी माध्यममा अध्ययन गर्ने प्रवृत्ति बढ्दो छ भने कमजोर आर्थिक अवस्थाका विद्यार्थी सामुदायिक विद्यालयमा सीमित हुन बाध्य छन्। यसको प्रत्यक्ष प्रभाव भविष्यमा देखिएको छ–निजी विद्यालयका धेरै विद्यार्थी उच्च शिक्षा वा रोजगारीका लागि विदेश पलायन हुने गरेका छन् भने सामुदायिक विद्यालयका विद्यार्थीहरू सीमित अवसरभित्रै संघर्ष गरिरहेका छन्। यस्तो अवस्थामा शिक्षा क्षेत्रमा समानता र गुणस्तर सुनिश्चित गर्नु सरकारको प्रमुख दायित्वका रूपमा उभिएको छ।

यही सन्दर्भमा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले नयाँ शैक्षिक सत्रसँगै केही महत्वपूर्ण सुधारात्मक कदमहरू अघि सारेको छ। ती सुधारहरूले शिक्षा प्रणालीलाई व्यवस्थित, पारदर्शी र विद्यार्थीमैत्री बनाउने लक्ष्य लिएको देखिन्छ। विशेष गरी, नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै विद्यालयहरूले भर्ना अभियान सञ्चालन गर्ने र विभिन्न शीर्षकमा शुल्क उठाउने प्रवृत्तिलाई नियन्त्रण गर्न कडा निर्देशन जारी गरिएको छ। अब वैशाख १५ गतेदेखि मात्र भर्ना अभियान सञ्चालन गर्न पाइने र त्यसअघि लिइएको शुल्क फिर्ता गर्नुपर्ने व्यवस्था लागू गरिएको छ। यसले अभिभावकहरूलाई राहत दिएको छ भने विद्यालयहरूको मनपरीतामा केही हदसम्म अंकुश लागेको छ।

मंगलबार देखि बल्ल नयाँ शैक्षिक सत्र शुरु भएको हो। विगत बर्षहरुमा वैशाख दुई गते देखि शुरु हुने नयाँ शैक्षिक सत्र यस बर्ष १३ दिन ढिलो गरी शुरु गरिएको हो। सोमबार देखि विद्यालयमा भर्ना र २१ गतेबाट नियामित पठनपाठन शुरु गर्ने सरकारको निर्णय छ।

वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयले भर्ना लिने क्रम रोक्न भन्दै गरिएको उक्त निर्णयलाई ठूला भनिएका अधिकाँश निजी विद्यालयहरुले शुरुमै खारेज गरिदिएका थिए। चैतको दोश्रो सातामै अघिल्लो शैक्षिक सत्रका कृयाकलाप सकेर विदा दिएका ति विद्यालयहरुमा यस अघि नै भर्ना र पठनपाठन शुरु भईसकेको थियो। निजी विद्यालयहरुले लिदैं आएको कानुन विपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन सरकारले निर्देशन दिए पनि त्यो समेत कार्यान्वयनमा आएन।

कतिपय निजी विद्यालयहरुले विद्यार्थीलाई आउट ड्रेसमा बोलाएर पठनपाठन पनि शुरु गरिसकेका थिए। सरकारको उक्त बाँकी ४ पेजमा ▸▸

## अस्थायी शिक्षकको चेतावनी: माग सम्बोधन नभए आन्दोलन

दमकमा आयोजित पत्रकार सम्मेलनमार्फत अस्थायी तथा राहत शिक्षक-कर्मचारीहरूले आफ्ना दीर्घकालीन मागहरू सरकारले बेवास्ता गरेको भन्दै कडा असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूले माग सम्बोधनमा सरकार गम्भीर नबने आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। प्रारम्भिक चरणमा ध्यानाकर्षण गराउने र त्यसपछि चरणबद्ध संघर्षका कार्यक्रम घोषणा गर्ने तयारी रहेको जनाइएको छ। भेलाका संयोजक विष्णु खत्री ले नेपाल शिक्षक महासंघले अस्थायी शिक्षक तथा कर्मचारीलाई उपेक्षा गरेको आरोप लगाए। सोही कारण आफूहरूले छुट्टै महासंघ गठन गर्ने प्रक्रिया अघि बढाएको उनले बताए। उनले ट्रेड युनियन अधिकारको रक्षा र पेशागत अस्तित्वका लागि बाँकी ४ पेजमा ▸▸

## राष्ट्रपतिबाट सहकारीसम्बन्धी अध्यादेश जारी

**दमक**/ राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले पठाएको एउटा अध्यादेश जारी गरेका छन्। राष्ट्रपतिले 'सहकारी पहिलो संशोधन अध्यादेश २०८३' लाई शुक्रबार प्रमाणीकरण गरेका हुन्। सरकारले सहकारी सम्बन्धी र संवैधानिक परिषद् सम्बन्धी दुईवटा अध्यादेश एकैपटक राष्ट्रपति कार्यालयमा पठाएको थियो। सरकारले राष्ट्रपति समक्ष ६ वटा विभिन्न अध्यादेश पठाएपनि हाल एउटा मात्र प्रमाणीकरण भएको हो। बाँकी विचाराधीन रहेका राष्ट्रपति कार्यालय शीतल निवासले जनाएको छ।

## हात्तीले आमा–छोरी घाईते

**धुलाबारी**/ झापाको मेचीनगरमा जंगली हात्तीको आक्रमणबाट आमाछोरी घाइते भएका छन्। प्रहरीका अनुसार बुधबार राती मेचीनगर ४ बाहुनडाँगी चोकनजिक बस्ने ३८ वर्षीया सुनिता बज्राचार्य र उनकी छोरी १३ वर्षीया यबद्रा बज्राचार्यलाई हात्तीले आक्रमण गरी घाइते बनाएको हो।

आ ँ नै घरको बरण्डामा बसिरहेको अवस्थामा एउटा जंगली हात्ती आई उनीहरु दुवै जनालाई बरण्डाबाट तानी केही परसम्म घिसारेको थियो। दुवै घाइतेहरूको खुट्टा नचलेको बताइएको छ। घाइतेहरूलाई उपचारको लागि अस्पताल भर्ना गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## हराएका ३० बाख्रामा १० मृत फेला, बाँकी सबै बिरामी

**लेटाङ**/ मोरङको लेटाङ नगरपालिका-५ स्थित मोरङे खोला डिल क्षेत्रमा हराएका ३० वटा बाख्रामध्ये १० वटा मृत अवस्थामा फेला परेका छन् भने २० वटा केही बिरामी अवस्थामा भेटिएको स्थानीयले बताएका छन्। बिहीबार बिहान उक्त क्षेत्रमा बाख्राहरु फेला परेको हो। खेरूवा ५ आर्मी क्याम्प नजिकैबाट वैशाख १४ गते चरनका लागि जंगलतर्फ लगिएका बाख्रा साँझसम्म घर नफर्किएपछि खोजी कार्य सुरू गरिएको थियो। लामो समयसम्म सम्पर्कविहीन बनेपछि स्थानीय, प्रहरी तथा बाख्रा धनीले विभिन्न क्षेत्रमा खोजी गरेका थिए। बिरामी अवस्थामा भेटिएका बाख्राहरुको उपचारको तयारी भइरहेको जनाइएको छ। घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## पत्रकारमाथि धम्कीविरुद्ध मोरङ प्रशासनमा ज्ञापनपत्र

**विराटनगर**/ मोरङको ग्रामथानमा नदीजन्य सामग्रीको अवैध उत्खननबारे समाचार संकलन गर्न पुगेका पत्रकारहरूलाई ज्यान मार्ने धम्की दिइएको घटनाविरूद्ध नेपाल पत्रकार महासंघ का कोशी प्रदेश र मोरङ शाखाले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्। पत्रकारहरूले घटनाको छानबिन र सुरक्षा सुनिश्चित गर्न माग गरेका छन्। ग्रामथान गाउँपालिका अध्यक्ष नमोनारायण माझी को भूमिकामाथि समेत प्रश्न उठाउँदै उनको मौनता र अभिव्यक्तिलाई शंकास्पद भनिएको छ। प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले घटनाबारे छानबिन गर्ने आश्वासन दिएका छन्।

## दमक प्रहरीलाई एसी

**दमक**/ यहाँस्थित मारवाडी युवा मञ्चले इलाका प्रहरी कार्यालय दमकलाई एक थान एसी प्रदान गरेको छ।

प्रहरी कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन मञ्चले उक्त सामग्री प्रदान गरिएको हो। बुधबार मञ्चको एक टोली कार्यालयमै पुगेर सो सामाग्री हस्तान्तरण थियो। यसले यस समुदाय र सुरक्षा बाँकी ४ पेजमा ▸▸

# कमलमा सार्वजनिक सुनवाई सम्पन्न

**कमल**/ झापाको कमल गाउँपालिकाले विहिबार सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको छ। कमल गाउँपालिकाको आयोजना तथा भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.को सहजीकरणमा गाउँपालिकाको सभाहलमा सार्वजनिक सुनुवाई गरिएको हो।

स्थानीय सरकारका गतिविधि, सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरूबारे नागरिकलाई जानकारी गराउने र नागरिकहरूका गुनासा, जिज्ञासा तथा सुझावहरु प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यले सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गरिएको पालिकाले जनाएको छ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, विभिन्न शाखाका शाखा प्रमुखहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

सार्वजनिक सुनुवाइका क्रममा नागरिकहरूले विशेषगरी विकास निर्माणका साथै सडक, खानेपानी तथा सरसफाइ व्यवस्थापन, स्वास्थ्य सेवा सुधार, शिक्षा क्षेत्रमा देखिएका समस्या, पारदर्शिता, कृषि तथा पशुपालन क्षेत्रमा सहयोग अभाव,टोल विकास संस्था सन्चालनमा देखिएका समस्या लगायतका विषयहरु जिज्ञासा तथा सुझाव राखेका थिए। त्यस्तै केही सहभागीहरूले स्थानीय तहबाट प्रदान गरिने सेवालाइ अझ सरल, पारदर्शिता तथा सर्वसाधरणको पहुँचमा विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

सहभागीबाट प्राप्त जिज्ञासालाई सम्बन्धित शाखा प्रमुख तथा जनप्रतिनिधिहरूले स्पष्ट र जवाफदेही ढंगले दिएका थिए। कार्यक्रममा तत्काल समाधान गर्न सकिने समस्याहरूलाई छिट्टै समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो भने दीर्घकालीन योजनामा समावेश गर्नुपर्ने विषयहरुलाई प्राथमिकताका साथ बाँकी ४ पेजमा ▸▸

प्रधानमन्त्रीको सचिवालय भन्यो-

# राजनीति नियुक्ति खारेजीका लागि अध्यादेश

**दमक**/ सरकारले सबै खालका सार्वजनिक नियुक्तिलाई एकमुष्ट खारेज गर्ने तयारी गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। राष्ट्रपति रामचन्द्र पौडेल समक्ष स्वीकृतिका लागि सिफारिस भएका पाँचवटा अध्यादेश मार्फत सरकारले राजनीतिक नियुक्ति खारेज गर्ने तयारी गरेको हो।

खारेज हुने नियुक्तिमा अघिल्लो सरकारले गरेका नियुक्ति देखि त्यस भन्दा अघिका अरूसमेत पर्ने भएका छन्। विश्वविद्यालय सरकारका विभिन्न निकाय आयोग परिषद् विश्वविद्यालय प्रज्ञा प्रतिष्ठान सहितका १५० भन्दा बढी निकायमा राजनीतिक तवरले नियुक्त भएका पदाधिकारीहरूलाई सरकारले पदमुक्त गर्न लागेको हो। जसमा केपी ओली सरकारले मिडियामा दिएका नियुक्तिहरु नेपाल टेलिभिजन, पीएसबीलगायतका नियुक्ति खारेज हुनेछन्। नियुक्त भएका पदाधिकारीहरूलाई एकएक गरी हटाउँदा सरकार कानुनी झमेलामा फस्ने र पदाधिकारीहरू फेरि पदमै फर्किने मूल्यांकन गर्दै अध्यादेश बाँकी ४ पेजमा ▸▸

## अस्पतालमा कडाई : फोटो र भिडियोमाथि प्रतिबन्ध

**दमक**/ स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा नयाँ निर्देशन जारी गरेकी छन्। मन्त्रालयले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै अनुमति बिना अस्पताल परिसरमा प्रवेश गर्ने, बिरामी तथा स्वास्थ्यकर्मीको फोटो-भिडियो खिच्ने र सामाजिक सञ्जालमा प्रसारण गर्ने जस्ता गतिविधिमा कडाइ गर्ने जनाएको थियो। सोही विज्ञप्ति र निर्देशनअनुसार अबदेखि अस्पताल परिसरमा सम्बन्धित संस्थाको पूर्व-स्वीकृति बिना (नियमविपरीत) भिडियो वा फोटो खिच्ने, अन्तर्वार्ताको नाममा भिडभाड गर्ने र उपचारमा खटिएका स्वास्थ्यकर्मीको काममा अवरोध पुऱ्याउने कार्यमा पूर्ण रोक लगाइएको छ। बिरामीको गोपनीयता हनन हुने यस्ता गैरकानुनी कार्य गर्ने जो कोहीलाई 'मुलुकी अपराध संहिता २०७४' र 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६' बमोजिम कडा कारबाही गर्न जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायलाई विज्ञप्तिमार्फत नै जानकारी गराइसकिएको छ। मन्त्री मेहताले उपचारको क्रममा कुनै कमी-कमजोरी भएको महसुस भएमा अस्पतालमा तोडफोड वा होहल्ला गर्नुको साटो सम्बन्धित निकायमा तथ्यपरक उजुरी दिन सबै सरोकारवालालाई आग्रह गरेकी छन्।

## वर्डफ्लुले ३० करोडको क्षति

**ईटहरी**/ केहि दिन अघि फैलिएको वर्डफ्लुका कारण सुनसरीमा मात्र ३० करोड रुपैयाँ भन्दा बढिको क्षति भएको छ। बर्डफ्लू संक्रमणका कारण २३ वटा फर्मका लेयर्स र ब्रोइलर कुखुरा नष्ट गरिदा यो क्षति भएका हो। केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाद्वारा परीक्षण गर्दा रोग पुष्टि भएपछि ती फर्मका कुखुरा नष्ट गरिएको हो। बर्डफ्लू संक्रमण देखिनासाथ उच्च सतर्कता अपनाउँदै कुखुरा फर्महरूमा कडा निगरानी गरिए पनि संक्रमण फैलिँदा ३० करोडभन्दा बढीको क्षति भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीले जनाएको छ। केन्द्रका प्रमुख डा. मनोज महतोका अनुसार करिब एक महिनादेखि देखिएको संक्रमणका कारण कुखुरापालक किसानहरू ठूलो क्षतिमा परेका छन्। संक्रमित फर्मका कुखुरा क्रमशः नष्ट गरिँदै आएको उनले जानकारी दिए। बाँकी ४ पेजमा ▸▸

## त्रिवि उपकुलपति अर्यालसहितले दिए राजीनामा

**दमक**/ त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले पदबाट राजीनामा दिएका छन्। शैक्षिक क्षेत्रमा दलगत राजनीतिक प्रभाव अन्त्य गर्ने नयाँ सरकारी नीतिसँगै उनको राजीनामा आएको हो। राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले विश्वविद्यालयलगायत शैक्षिक संस्थामा हुने राजनीतिक नियुक्ति खारेज गर्ने रणनीति अघि बढाएपछि दबाब बढेको थियो।

नयाँ सरकारले शैक्षिक क्षेत्रमा राजनीतिक प्रभाव न्यूनीकरण गर्ने नीति लिएको छ। सोहीअनुसार राजनीतिक आधारमा नियुक्त पदाधिकारीलाई राजीनामा दिन आग्रह गरिएको थियो। आग्रह नमाने अध्यादेशमार्फत नियुक्ति खारेज गर्ने तयारीसमेत गरिएको छ, जसका लागि मन्त्रिपरिषद्ले राष्ट्रपति रामचन्द्र पौडेल समक्ष सिफारिस गरिसकेको छ।

अध्यादेश आउनुअघि नै उपकुलपति अर्यालसहित शिक्षाध्यक्ष र रजिष्ट्रारले संयुक्त रूपमा राजीनामा दिएका छन्। यस घटनाले विश्वविद्यालयमा राजनीतिक हस्तक्षेपको विषय फेरि चर्चामा ल्याएको छ।

## मेची राजमार्ग एक साता दिउँसो बन्द हुने

इलाम। मेची राजमार्गअन्तर्गत इलामको राजदुवाली क्षेत्रमा पुल मर्मत र पहिरो नियन्त्रणको काम अगाडि बढाउन एक सातासम्म दिनभर बन्द गरिने भएको छ।

सडक डिभिजन इलाम र जिल्ला प्रशासन कार्यालय इलामले सार्वजनिक सूचना जारी गर्दै वैशाख २३ देखि ३० गतेसम्म बिहान १० देखि बेलुका ५ बजेसम्म सडक बन्द हुने जनाएका हुन्। प्रशासनका अनुसार गत असोज महिनामा पहिरोका कारण क्षतिग्रस्त राजदुवालीस्थित पुरानो स्टिल ट्रस पुल मर्मतसँगै बाँकी ४ पेजमा ▸▸

**आईसीयूका लागि नर्स आवश्यकता**

दमक हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., दमक ८ लाई **आईसीयू सेवा**का लागि **५ जना नर्सिङ स्टाफ** आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुलाई योग्यताको प्रमाण पत्रको प्रतिलिपिसहित आवेदन दिनु हुन जानकारी गराईन्छ।

- योग्यता : बीएन उत्तिर्ण गरि १ वर्षको अनुभव
- आवेदन दिने अन्तिम मिति : २०८३/१/२२ गते
- सम्पर्क नं : ०२३–५७१९७१
- मो. : ९८२५९८०००८/९८०७९४३२०२



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**

दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

## सम्पादकीय

### विद्यालयमा अनियमितता: विश्वासको संकट र सुधारको आवश्यकता

विद्यालयलाई ज्ञान, अनुशासन र चरित्र निर्माणको केन्द्र मानिन्छ । यहीँबाट भविष्यका जिम्मेवार नागरिक तयार हुन्छन् । तर, जब यस्ता पवित्र संस्थामै अनियमितता र भ्रष्टाचारका घटना सार्वजनिक हुन्छन्, त्यसले शिक्षा प्रणालीप्रति जनविश्वास कमजोर बनाउने खतरा बढाउँछ । हिमालय माध्यमिक विद्यालय मा देखिएको आर्थिक अनियमितताको विषय पनि यही चिन्ताको एउटा गम्भीर उदाहरण बनेको छ ।

पूर्वी नेपालकै उत्कृष्ट सामुदायिक विद्यालयमध्ये एक मानिने यस विद्यालयमा भएको भनिएको भ्रष्टाचार प्रकरणले स्थानीय समुदायलाई मात्र होइन, समग्र शिक्षा क्षेत्रलाई नै झस्काएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ले लामो अनुसन्धानपछि विद्यालयका तत्कालीन प्रधानाध्यापक र लेखापालविरुद्ध मुद्दा दायर गर्नुले आरोपलाई अझ गम्भीर बनाएको छ । भवन निर्माणजस्तो महत्वपूर्ण परियोजनामा नक्कली कागजात प्रयोग गरी वास्तविक लागतभन्दा धेरै रकम भुक्तानी गरिएको तथ्य सार्वजनिक हुनु साधारण त्रुटि होइन, योजनाबद्ध आर्थिक दुरूपयोगको संकेत हो ।

झन् चिन्ताजनक कुरा के छ भने यो अनियमितता एकै क्षेत्रमा सीमित नभई अन्य आर्थिक कारोबारमा समेत फैलिएको देखिन्छ। सार्वजनिक संस्थाको रकम व्यक्तिगत प्रयोजनमा प्रयोग गरिएको आरोपले विद्यालयको आर्थिक अनुशासनमा गहिरो प्रश्न उठाएको छ। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा हुने यस्ता गतिविधिले विद्यार्थी, अभिभावक र समाजमा नकारात्मक सन्देश दिन्छ ।

विद्यालय प्रशासनले यो पुरानो घटना भएको र हाल सुधार भइसकेको दाबी गरे पनि, केवल दाबीले मात्र जनविश्वास फर्किंदैन। पारदर्शिता, जवाफदेहिता र कानुनी प्रक्रिया मार्फत सत्य स्थापित हुनु आवश्यक छ । दोषी प्रमाणित भए कडा कारबाही र हिनामिना भएको रकम असुल गर्नु अपरिहार्य हुन्छ। यसले मात्र भविष्यमा यस्ता घटनाहरु दोहोरिन नदिने सन्देश दिन सक्छ । यस घटनाले एउटा ठूलो प्रश्न पनि उठाएको छ—सामुदायिक विद्यालयहरुको अनुगमन र नियन्त्रण कत्तिको प्रभावकारी छ? राज्यका सम्बन्धित निकायले समयमै निगरानी गर्न सकेको भए यति ठूलो अनियमितता हुन पाउँथ्यो कि पाउँदैनथ्यो भन्ने बहस आवश्यक छ ।


अन्ततः, शिक्षा क्षेत्र विश्वासमा टिकेको हुन्छ। त्यो विश्वास कमजोर बन्यो भने सम्पूर्ण प्रणाली प्रभावित हुन्छ। त्यसैले, यो प्रकरणलाई एउटा चेतावनीका रुपमा लिएर विद्यालय व्यवस्थापन, सरकार र सरोकारवालाहरुले पारदर्शी र उत्तरदायी प्रणाली निर्माणमा गम्भीर पहल गर्नु जरुरी छ ।

## दुई महिनामा टिकटकले हटायो १९ लाख बढी भिडियो

**काठमाडौं/** सामाजिक सञ्जाल प्लेटफर्म टिकटकले सन् २०२५ को अक्टोबरदेखि डिसेम्बरसम्मको दुई महिनाको अवधिमा नेपालबाट मात्रै १९ लाख ३२ हजार ५७५ वटा भिडियो हटाएको जनाएको छ ।

कम्पनीले सार्वजनिक गरेको चौथो त्रैमासिक (अक्टोबर-डिसेम्बर) कम्युनिटी गाइडलाइन इन्फोर्समेन्ट रिपोर्टअनुसार, हटाइएका सामग्रीमध्ये अधिकांश भिडियो अत्यन्त छिटो कारबाहीमा परेका छन् । तथ्यांकअनुसार सामग्री हटाउने दर ९९ दशमलव ९ प्रतिशत रहेको छ भने ९८ दशमलव ४ प्रतिशत भिडियो २४ घण्टाभित्रै हटाइएको उल्लेख गरिएको छ ।

विश्वव्यापी रूपमा सोही अवधिमा टिकटकले १७ करोड ५३ लाख २ हजार ८५ भिडियो हटाएको छ, जुन कुल अपलोड सामग्रीको करिब ० दशमलव ५ प्रतिशत रहेको कम्पनीले जनाएको छ। हटाइएका सामग्रीमध्ये १५ करोड २५ लाख ८० हजार ९३३ भिडियो स्वचालित प्रविधिमार्फत पहिचान गरिएको थियो भने ८३ लाख ६० हजार ७८० भिडियो पुनरावलोकनपछि पुनःस्थापना गरिएको जानकारी दिइएको छ। समग्र सक्रिय हटाउने दर ९९ दशमलव १ प्रतिशत रहेको छ । प्लेटफर्मको विश्वसनीयता कायम राख्ने उद्देश्यले टिकटकले १४ करोड ७७ लाख १६ हजार ५१८ नक्कली खाता हटाएको छ। साथै, १३ वर्षभन्दा कम उमेरका हुन सक्ने आशंकामा थप २ करोड ३८ लाख ७५ हजार ८७९ खातासमेत हटाइएको कम्पनीले जनाएको छ ।

खड्ग बहादुर खड्काको
**कविता संग्रह**
**ज्वाला**


विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।
सम्पर्क नम्बर : ९८४४६८०४९९

# संघर्षको इतिहास र नेपालका श्रमिकको यथार्थ



प्रचिन विष्ट




भोलि ११६औँ अन्तर्राष्ट्रिय मजदुर दिवस विश्वभर विभिन्न कार्यक्रमसहित मनाइँदैछ । "आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम" भन्ने ऐतिहासिक नारासहित सुरु भएको यो दिवस श्रमिक अधिकारको प्रतीकका रूपमा स्थापित छ । यसको सुरूवात सन् १८८६ मा अमेरिकाको सिकागो मा भएको श्रमिक आन्दोलनबाट भएको हो। हेय मार्केट क्षेत्रमा भएको प्रदर्शनका क्रममा बम विस्फोट भएपछि प्रहरीले आन्दोलनरत मजदुरमाथि गोली चलाउँदा सात जना मजदुरको मृत्यु भएको थियो । उक्त घटनाले विश्वभर श्रमिक अधिकारका लागि ठूलो तरंग पैदा गर्‍यो ।

पछि सन् १८८९ मा पेरिस मा सम्पन्न अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनले मे १ लाई विश्व श्रमिक दिवसका रूपमा मनाउने निर्णय गर्‍यो। त्यसयता सन् १८९० देखि प्रत्येक वर्ष यो दिवस मनाइँदै आएको छ। विश्वभरका श्रमिकहरूले यस दिनलाई आ`ना अधिकार सुनिश्चित गर्न, श्रम शोषणविरूद्ध आवाज उठाउन र सामाजिक न्यायको माग गर्न महत्वपूर्ण अवसरका रूपमा प्रयोग गर्दै आएका छन् ।

नेपालमा अन्तर्राष्ट्रिय मजदुर दिवसको इतिहास विराटनगर मजदुर आन्दोलनसँग जोडिएको छ । २००७ सालमा भएको उक्त आन्दोलनले नेपालमा संगठित श्रमिक आन्दोलनको सुरूवात गरेको थियो। त्यसयता नेपालमा पनि हरेक वर्ष मे १ मा विभिन्न कार्यक्रम, र्‍याली, गोष्ठी र बहसमार्फत यो दिवस मनाइन्छ ।

नेपालको वर्तमान श्रम बजारलाई हेर्दा चुनौती र अवसर दुवै देखिन्छन् । हाल नेपालमा करिब १ करोड ७० लाख श्रमशक्ति रहेको अनुमान छ । तर, यसमध्ये करिब ७० प्रतिशतभन्दा बढी श्रमिक अनौपचारिक क्षेत्रमा कार्यरत छन् । यसको अर्थ उनीहरु नियमित तलब, सामाजिक सुरक्षा, बीमा, पेंशन जस्ता सुविधाबाट वञ्चित छन्। कृषि, निर्माण, घरेलु काम, साना उद्योग र सेवा क्षेत्रमा काम गर्ने धेरै श्रमिक अझै असुरक्षित अवस्थामा छन् ।

नेपाल सरकारले श्रमिक अधिकार सुनिश्चित गर्न विभिन्न कानुनी व्यवस्था गरेको छ। श्रम ऐन २०७४, सामाजिक सुरक्षा ऐन, न्यूनतम पारिश्रमिक निर्धारणजस्ता नीतिहरु लागू गरिएका छन् । हाल नेपालमा न्यूनतम मासिक ज्याला करिब १७ हजार रूपैयाँ तोकिएको छ। तर व्यवहारमा धेरै श्रमिकले यो सुविधा पाएका छैनन्। विशेषगरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक अझै न्यून पारिश्रमिक र असुरक्षित कार्य वातावरणमा काम गर्न बाध्य छन् ।

वैदेशिक रोजगारी नेपालको श्रम संरचनाको अर्को महत्वपूर्ण पाटो हो । प्रत्येक वर्ष लाखौँ नेपाली युवा खाडी मुलुक, मलेसिया लगायतका देशमा रोजगारीका लागि जाने गरेका छन्। उनीहरूले पठाउने रेमिट्यान्सले नेपालको अर्थतन्त्र धानेको छ। हाल रेमिट्यान्सले कुल गार्हस्थ्य उत्पादन (जीडिपी) को करिब २०-२५ प्रतिशत हिस्सा ओगटेको छ। तर, वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले श्रम शोषण, कम तलब, असुरक्षित कार्यस्थल र कानुनी संरक्षणको अभावजस्ता समस्या भोगिरहेका छन् ।

महिला श्रमिकको अवस्था अझै चुनौतीपूर्ण छ । समान कामका लागि असमान ज्याला, कार्यस्थलमा हुने विभेद, यौन दुर्व्यवहार र मातृत्व सुरक्षाको कमी प्रमुख समस्या हुन्। घरेलु कामदारका रूपमा काम गर्ने महिलाहरु विशेष रूपमा जोखिममा छन्। त्यस्तै, बालश्रम पनि पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । विभिन्न तथ्यांकअनुसार अझै पनि लाखौँ बालबालिका श्रममा संलग्न छन्, जसले उनीहरूको शिक्षा र भविष्यमा नकारात्मक असर पारिरहेको छ ।

सकारात्मक पक्ष पनि छन् । सामाजिक सुरक्षा कोषमार्फत श्रमिकलाई औपचारिक प्रणालीमा ल्याउने प्रयास भइरहेको छ । बीमा, पेंशन, स्वास्थ्य सुविधा जस्ता व्यवस्थाहरु विस्तार गर्ने काम अघि बढाइएको छ । ट्रेड युनियनहरूको सक्रियता पनि श्रमिक अधिकारका लागि महत्वपूर्ण रहेको छ । पछिल्लो समय डिजिटल प्रविधिको प्रयोगसँगै श्रम व्यवस्थापन र अनुगमनमा सुधार ल्याउने प्रयाससमेत भइरहेको छ ।

तर, मुख्य चुनौती कार्यान्वयनमै देखिन्छ। कानुन बने पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा श्रमिकले वास्तविक लाभ पाउन सकेका छैनन् । श्रम निरीक्षण प्रणाली कमजोर छ, अनौपचारिक क्षेत्रलाई व्यवस्थित गर्ने स्पष्ट रणनीति अझै अपर्याप्त छ । साथै, श्रमिक र रोजगारदाताबीच विश्वासको कमी पनि देखिन्छ । समग्रमा, अन्तर्राष्ट्रिय मजदुर दिवस केवल उत्सव नभई संघर्षको स्मरण हो । यो दिनले श्रमिक अधिकारका लागि गरिएको ऐतिहासिक आन्दोलनको सम्झना दिलाउँछ र वर्तमान चुनौतीहरु समाधान गर्न प्रेरित गर्छ । नेपालमा श्रमिकको अवस्था सुधार गर्न कानुनी व्यवस्था मात्र पर्याप्त छैन, त्यसको प्रभावकारी कार्यान्वयन, सामाजिक चेतना, राज्यको प्रतिबद्धता र श्रमिकको एकता आवश्यक छ । यदि यी पक्षहरु सुदृढ गर्न सकियो भने मात्र "आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम" भन्ने नारा व्यवहारमा रूपान्तरण हुन सक्छ ।

# डिजिटल युगमा बालबालिकाको सुरक्षा



माधव लोहनी

नेपालजस्तो विकासोन्मुख देशमा जहाँ इन्टरनेटको पहुँच तीव्र गतिमा बढिरहेको छ, त्यहाँ डिजिटल साक्षरताको आवश्यकता भने बढ्दो देखिन्छ । पछिल्लो समय नेपालमा फेसबुक, टिकटक, युट्युब, ट्विटर, इमो, भाइबर, इन्स्टा, स्न्यापच्याट, डिस्कर्ड, थ्रेड्स र रेडिटजस्ता प्लेटफर्महरू सूचनाका मुख्य स्रोत बनेका छन् । तर, यिनै माध्यमबाट अफवाह, भ्रामक प्रचारप्रसारमार्फत बालबालिका तथा किशोरकिशोरीहरू नक्कलीको शोषणमा परेका घटनाहरू पनि उत्तिकै रहेका छन् । हामी यस्ता समयमा बाँचिरहेका छौं, जहाँ बिहान उठ्नासाथ हातमा मोबाइल र इन्टरनेटको पहुँच आवश्यकजस्तै भएको छ ।

इन्टरनेट, सामाजिक सञ्जाल र अनलाइन माध्यमहरूले सूचना प्राप्त गर्ने प्रक्रियालाई मात्र सहज बनाएका छैनन्, बरु विश्वलाई एउटा सानो गाउँमा सीमित बनाएको छ । प्रविधिको तीव्र विकाससँगै समाजमा एउटा गम्भीर चुनौती पनि थपिदिएको छ ।

प्रतिस्पर्धा हुँदा इन्टरनेट सेवाप्रदायकहरूले सस्तोमा सेवा उपलब्ध गराइरहेका छन् । सार्वजनिक स्थानमा इन्टरनेट सेवा उपलब्धताका कारण बालबालिका तथा किशोरकिशोरीहरू त्यसप्रति आकर्षित भएका छन् । एकल अभिभावक भएका कारण बाबुआमाहरू बाध्यताको खोजीमा रहँदा घरमा बालबालिका तथा किशोरकिशोरीहरू इन्टरनेट बाहिर रहन नसक्ने अवस्थामा पुगेका छन् । जति धेरै मात्रामा इन्टरनेटको प्रयोग गरियो, त्यति मात्रामा उनीहरू जोखिममा पर्ने घटनाहरू पनि नेपाल प्रहरी साइबर ब्युरोको हालैको तथ्यांकले देखाएको छ ।

बालबालिका तथा किशोरकिशोरीहरूलाई घरमा अभिभावकहरूले अनुगमन गर्न नसक्नु, बाबुआमा एकल तथा व्यस्त बन्नु आदि कारणले छोराछोरीहरू बढी जानकार भएका कारणले आज यो अवस्था आएको प्रहरी अधिकारीहरू बताउँछन् । गोप्य रूपमा बनाइएका अश्लील भिडियोहरू आर्थिक आम्दानी वा मनोरञ्जन वा बदला लिन विभिन्न पोर्न साइटहरू तथा ग्रुप च्याटहरूमा अपलोड गरिने, नचिनेको व्यक्तिसँग सामाजिक सञ्जालमा फ्रेन्डसिप गर्ने तथा अश्लील भिडियोहरू पठाई हैरानी दिने, साइबर क्राइमर प्रहरीबाट भन्दै फोन गरी तपाईंको अश्लील फोटो, भिडियो भाइरल भएको छ, हटाउन भेरिफाई गर्न तपाईंको न्युड फोटो र भिडियो पठाउनुहोस् भन्ने म्यासेन्जर तथा भाइबरमा म्यासेज गर्ने र पछि हटाउन लगाउने तथा बालबालिका साथीसाथीबीचको सामान्य विवादमा फेक आईडी खोली साथीबारे अश्लील पोस्ट गर्नेजस्ता घटनाहरू दिनानुदिन बढिरहेका छन् ।

सामाजिक सञ्जालमा सामान बिक्रीमा राखी प्रचारप्रसार गर्ने, पैसा प्राप्त भएपछि सम्पर्कविहीन भई ठगी गर्ने, राजनीतिक तथा चर्चित व्यक्तिहरूको फेक आईडी खोली भ्रामक तथा गलत समाचार सम्प्रेषण गर्ने, श्रीमान्‌श्रीमती वा प्रेमीरप्रेमिकाका बीच आपसी सहमतिमा बनाइएका गोप्य फोटो तथा भिडियोहरू म्यासेजमार्फत पठाउने र सम्बन्धविच्छेदको अवस्थामा सार्वजनिक गरिदिनेजस्ता घटना पनि बढिरहेका छन् ।

व्यक्तिगत कुराहरू तेस्रो व्यक्ति वा आफैँ पोस्ट गरी मानसिक यातना तथा दबाब दिने, विदेशी अपराधीहरू वा विदेशमा बसेका व्यक्तिहरूले प्रेमजालमा फसाएर वा अनेक प्रभावमा पारेर गोप्य फोटो तथा भिडियोहरू प्राप्त गरी अन्त्यमा ब्ल्याकमेल गर्ने, पीडितको फेसबुकबाट निजहरूको फोटो तानी निजहरूको फोटोलाई टाउको एक जनाको, शरीर अर्कोको राखी पीडितको नामबाट निजको आफन्तलाई अश्लील कुराहरू पठाएर मानसिक यातना दिनेजस्ता घटनाहरू दैनिक रूपमा बढ्दै गएका छन् । तर, यसतर्फ सरकारको खासै ध्यान जान सकेको देखिएको छैन ।

विद्युतीय कारोबार इलेक्ट्रोनिक ऐन २०६३ को दफा ४४ देखि ५९ सम्म अपराधको परिभाषा गरिएको छ, जहाँ महिलालाई जिस्काउने, अपमान गर्ने कार्य गरेबापत पाँच वर्षसम्म कैद र १ लाखसम्म जरिवाना वा दुवै सजायको समेत व्यवस्था गरिएकाले विद्युतीय कारोबार ऐनले अपराध मानेको विषय र अहिले समयमा सामाजिक सञ्जालमार्फत घटेका कुनै पनि घटनालाई यो ऐनले सम्बोधन गर्न सकेको छ । संसदमा दर्ता भएको ९टेबुल भएको० मस्यौदा पनि फिर्ता भएको अवस्था छ ।

इन्टरनेट अनलाइनबाट बालबालिका तथा किशोरकिशोरीहरूलाई संरक्षण गर्न स्थानीय तहको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका रहेको छ । नागरिक समुदायलाई स्थानीय वडाहरूबाट अनलाइन बाल संरक्षणसम्बन्धी सचेतना बढाउने खालका सचेतना सामग्रीहरूजस्तै स्टिकर, पर्चा पोस्टर तयार पारी जनचेतना फैलाउन सकिन्छ ।

सम्बन्धित वडामार्फत नगरपालिकाभित्र रहेका सबै सामुदायिक एवं निजी आवासीय विद्यालयहरूले अनलाइन बालसंरक्षणको विषयमा आ(आफ्नो विद्यालयमा बालबालिकाहरूलाई अभिमुखीकरण गर्नका लागि निर्देश गर्न सक्दछ । आफ्नो वेबसाइटमा अनलाइन बालसंरक्षणको विषयलाई प्राथमिकताका साथ राखेर अनलाइन संरक्षणको विषयलाई सबैको चासोको विषय बनाउन सक्दछ ।

स्थानीय तहले अनलाइन बालसंरक्षणको विषयमा आफ्नो भूगोलभित्र अध्ययन अनुसन्धान गर्न सक्दछ । पालिकास्तरीय अनलाइन बालसंरक्षण नीति बनाएर लागू गर्न सक्दछ । अनलाइनबाट पीडित भएका बालबालिकाका लागि कानुनी सहायता तथा संरक्षणका लागि नजिकको प्रहरी वा बाल हेल्पलाइन १०९८ सँग समन्वय गर्न सक्दछ ।

त्यसैगरी, शैक्षिक तथा संस्थाहरूको भूमिका पनि उत्तिकै हुन्छ । कम्प्युटर कक्षाहरूमा इन्टरनेट अनलाइनको सुरक्षा विषय समावेश गरिनुपर्दछ । विद्यालय बाल संरक्षण तथा सुरक्षा नीतिमा अनलाइन सुरक्षाको विषय समावेश गरी सो नीतिको पूर्ण पालना गरिनुपर्दछ । विद्यालयमा अनलाइन दुर्व्यवहार र साइबर बुलिङको सूचना गर्ने संयन्त्रको विकास गरिनुपर्दछ ।

नेपाल प्रहरीको १०० बाल हेल्पलाइन नेपाल १०९८ जस्ता बालसंरक्षणका संयन्त्रहरूसँग सहकार्य र समन्वय बढाउनुपर्दछ । अभिभावक, विद्यालय व्यवस्थापन र शिक्षकहरूबीच अनलाइन सुरक्षाबारे सचेतना फैलाउने वातावरण मिलाउनुपर्दछ । बालबालिका तथा किशोरकिशोरीहरूको भूमिका पनि महत्त्वपूर्ण रहेका हुन्छन् । बालबालिकामा हुने यौन दुर्व्यवहारसम्बन्धी आफू स्वयम् प्रशिक्षित हुने पीडामा पर्न कहाँ, कसरी, किन, कुन माध्यमबाट रिपोर्ट गर्ने स्थानीय तह तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी समस्या पहिचान र समाधानका उपायसम्बन्धी छलफल तथा अन्तर्क्रिया गरिन आवश्यक छ ।

समुदाय तथा विद्यालयस्तरमा अभिभावक तथा बालबालिकासहित संयुक्त छलफल अन्तर्क्रिया एवं प्रशिक्षण गर्ने तथा अनलाइनमा हुन सक्ने यौन दुर्व्यवहार कुन क्षेत्रमा कुन माध्यमबाट हुन सक्छ भन्ने कुराको विवरणसहित पर्चा पम्प्लेटसहित सडक नाटकजस्ता गतिविधिहरू तय गरी सार्वजनिक स्थानमा टाँस्नेलगायत सामाजिक सञ्जाल, रेडियो, पत्रिकामार्फत प्रकाशन प्रसारण गर्ने कार्यलाई पनि जोड दिनुपर्छ ।

बालबालिकालाई अनलाइनमार्फत के-कस्ता दुर्व्यवहारका घटना भइरहेका छन् भन्ने अध्ययन समूह बनाई प्रभावित क्षेत्र, समूह, लिङ्ग लक्षित गरी तथ्यांक संकलन गर्ने र सोका आधारमा कार्य योजना बनाउने र पीडित बालबालिका तथा किशोरकिशोरीहरूलाई गोपनीयताको विश्वासनीयताको वातावरण सिर्जना गर्ने गर्नुपर्छ । पीडित बालबालिका तथा किशोरकिशोरीहरूलाई बाल मनोचिकित्सक तथा परामर्शदाताको व्यवस्था र सोका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा अन्त्यमा यसको कानुनी उपचारको प्रक्रिया र यसबाट प्राप्त हुने कानुनी परिणामबारे जानकारी गराई सुन्ने, उजुरी गर्न सक्ने वातावरण तयार पार्न आवश्यक देखिन्छ ।

अन्त्यमा थुप्रै बालबालिकालाई अनलाइन यौन शोषणमा परेपछि विद्यालय छोड्न बाध्य पारिएको छ र उनीहरूको दैनिक जीवन तथा मानसिक स्वास्थ्यमा समेत असर परेको छ । बालबालिकालाई उचित डिजिटल शिक्षा प्रदान गर्नुपर्दछ, ताकि बालबालिका भविष्यमा सुरक्षित र जिम्मेवार नागरिक बन्न सकून् । बालबालिकालाई इन्टरनेट सुरक्षाका बारेमा सचेत र सक्षम बनाउनुपर्दछ, ताकि उनीहरू अनलाइन बाल यौन शोषणको जोखिममा नपर्न र जोखिममा परेमा आवश्यक सहयोग लिन जागरुक बन्न सकून् ।

पाठ्यक्रम विकास केन्द्रको पहलमा विद्यालय तहको कक्षा ९ र १० को कम्प्युटर साइन्स विषयको पाठ्यक्रममा अनलाइन बालसंरक्षण एवं बालबालिकामाथि अनलाइनमार्फत हुने यौनजन्य हिंसासम्बन्धी पाठ्यसामग्री समावेश गरिएको भए पनि यसलाई सामाजिक शिक्षा विषयमा सुरु तहदेखि नै उमेरसुहाउँदो सोच बनाएर लागू गर्नुपर्दछ ।

यस विषयमा स्थानीय सरकारमार्फत अभिभावक तथा शिक्षक र व्यवस्थापन समितिलाई सचेतना अभियानमार्फत जानकारी गराउनुपर्दछ । बालबालिका तथा किशोरकिशोरीहरूलाई अनलाइन सुरक्षा प्रदान गर्नका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । यसका लागि सबै सरोकारवालाहरू विशेष गरी राष्ट्रिय बालअधिकार परिषद्, नेपाल प्रहरी, साइबर ब्युरोजस्ता सरकारी निकायहरू, इन्टरनेट सेवाप्रदायकहरू, अभिभावक, शिक्षक, सरोकारवाला, निजीक्षेत्र, शैक्षिक प्रतिष्ठानहरू, गैरसरकारी संस्थाहरू र मनोचिकित्सकहरूको समन्वयात्मक तथा इमानदार प्रयास जरुरी छ ।

# हराउँदै साररङ्गी, मेटिँदै धुन.......



**दमक/** आधुनिक सञ्चारमाध्यमको विस्तार र प्रविधिको तीव्र विकाससँगै परम्परागत गन्धर्व गायन ओझेलमा पर्न थालेको छ । पहिले गाउँ-गाउँमा पुगेर सारङ्गी बजाउँदै जीवनयापन गर्ने गन्धर्वहरु अहिले श्रोताको अभाव र आर्थिक कठिनाइका कारण समस्यामा परेका छन् । यसले उनीहरूको मौलिक कला संरक्षणमा चुनौती थपेको छ ।


भोजपुरका तेजेन्द्र गन्धर्वका अनुसार सारङ्गी बनाउने र बजाउने पेशाबाट मात्रै परिवार चलाउन निकै कठिन भइसकेको छ । पहिले हाम्रो कला नै आम्दानीको मुख्य स्रोत भए पनि अहिले त्यो सम्भव नरहेको उनले बताए । उनले नयाँ पुस्तामा यस पेशाप्रति आकर्षण घट्दै गएको पनि बताए । रोजगारीका अन्य विकल्पतर्फ युवाहरु आकर्षित हुँदा परम्परागत सीप सिक्ने क्रम कमजोर बन्दै गएको उनको भनाइ छ ।

त्यस्तै, भोजपुरबाट सारङ्गी बजाउँदै धनकुटा आइपुगेका बाबुराम गन्धर्वले पछिल्लो समय मौलिक सिर्जनाभन्दा अरूका गीत नक्कल गर्ने प्रवृत्ति बढेको बताए । पहिले हामी आफ्नै भोगाइ र समाजका कथा गीतमा उतार्ने गरेको भए पनि अहिले धेरैजसोले अरूकै गीत गाउन थालेको उनको भनाई छ । यसले गन्धर्व संस्कृतिको मौलिकता हराउने खतरा बढाएको उनको चिन्ता छ ।

भोजपुरकै हिरालाल गन्धर्वका अनुसार परम्परागत रूपमा गीत गाएर जीविका चलाउने गन्धर्वहरु अहिले वैकल्पिक पेशा रोज्न बाध्य भइरहेका छन् । आर्थिक अभाव, बदलिँदो समय र प्रविधिको प्रभावका कारण उनीहरूको जीवनशैलीमा ठूलो परिवर्तन आएको उनले बताए । समाजका अगुवाहरु गन्धर्व समुदायको कला संरक्षणका लागि राज्यको विशेष पहल आवश्यक रहेको धारणा राख्छन् ।

गन्धर्व संगीतको संरक्षणका लागि तीनै तहका सरकार, सांस्कृतिक संस्था र समुदायस्तरबाट समन्वित पहल आवश्यक रहेको छ । मौलिक सिर्जनाको अभिलेखीकरण, नयाँ पुस्तामा सीप हस्तान्तरण, प्रशिक्षण, अध्ययन-अनुसन्धान तथा सांस्कृतिक कार्यक्रममार्फत प्रवर्द्धन गर्न सके यो परम्परालाई पुनर्जीवित गर्न सकिने धनकुटाका सर्जक केजी सुब्बाले बताए । उनीहरूको सीप र संस्कृतिलाई प्रवर्द्धन गर्न तालिम, आर्थिक सहयोग र सांस्कृतिक कार्यक्रममार्फत प्रोत्साहन दिनुपर्ने देखिन्छ । साथै, आधुनिक माध्यमसँग जोडेर गन्धर्व गायनलाई नयाँ पुस्तामाझ लोकप्रिय बनाउन सके यसको दीर्घकालीन संरक्षण सम्भव हुने विश्वास गरिएको छ । सारङ्गीको धुनसँगै नेपाली समाजको इतिहास र यथार्थ बोकेको गन्धर्व संस्कृति जोगाउन समयमै पहल नगरे यसको मौलिकता हराउने खतरा अझ बढ्ने देखिन्छ ।

## जानकारी



# पसिना गन्हाउने समस्या र समाधान

गर्मी महिनामा शरीरबाट धेरै पसिना आएर हैरान नै हुन्छ । पसिना छालाको भित्री पत्रमा रहेको ग्रन्थीबाट बन्छ । जुन ग्रन्थीको काम शरीरको तापमानलाई नियन्त्रण गर्नु हो । पसिना आउनु स्वास्थ्यका लागि राम्रो पनि मानिन्छ । शरीरबाट पसिना निस्कनु शरीरका लागि आवश्यक छ । शरीरमा भएको बिकार पसिनाकै रूपमा शरीरबाट बाहिर निस्कने हुनाले पसिनाले शरीरको तापक्रमलाई समेत सन्तुलनमा समेत राख्छ । यद्यपि, आवश्यकता भन्दा बढि पसिना आएर शरीर तथा पहिरन नै दुर्गन्धित हुन सक्छ । पसिनाको गन्ध अप्रिय हुन्छ । जसले वरिपरी बस्ने मानिसलाई समेत असहज बनाइरहेको हुन्छ । कोहीको कम गन्हाउँछ गन्ध आउँछ भने कोहीको अत्यन्तै नराम्रो गन्ध आउने गर्छ ।

**पसिना गन्हाउँने कारण**

-ब्याक्टेरिया इन्फेक्सन
-अल्कोहलको बढी प्रयोगले
जंक फुड खानाले
-वंशाणुगत कारण
-मसालेदार खानेकुरा धेरै खाएर
-धुम्रपान गर्नाले

**उपाय**

- दैनिक नुहाउने, नुहाउँदा एन्टिब्याक्टेरिया भएको साबुनको प्रयोग गुर्नुपर्छ ।
- प्रत्येक दिन फिट्किरीको लेप लगाउने ।
-कागतीको रस पानीमा राखेर नुहाउन सकिन्छ ।
-सँधै खुकुलो लुगा लगाउने गर्नु पर्छ ।
-अनावश्यक रौंहरू सफा गर्नु पर्छ ।
-नुहाएर आएपछि एकछिन शरीर सुक्न दिनुपर्छ । अनि मात्रै लुगा लगाउने गर्नु पर्छ ।

ब्याक्टेरिया फंगस नै छ भने एन्टिब्याक्टेरिया क्रिमको प्रयोग गर्नुपर्छ । यदि क्रिमले पनि काम गरेन भने एन्टी फंगस ट्याबलेट, एन्टिबायोटिक ट्याब्लेट खानुपर्छ । तर, चिकित्सकको सल्लाहमा ।



## पुस्तक साभार

# नेपालको इतिहास र समाज अध्ययन

(अध्याय तीन)

✍ डा. सूर्यमनि अधिकारी

## एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

क्रमागत:

श्री ५ पृथ्वीनारायण शाहको नेतृत्वमा एकीकरण प्रारम्भ हुनुभन्दा पहिले नेपालको राजनीतिक अवस्था निम्नानुसार थियो:

**१. स-साना राज्यहरू**

एकीकरणपूर्व अहिलेको नेपाल अधिराज्यभित्र ५० भन्दा बढी स-साना राज्यहरु थिए । कतिपय राज्यहरु अहिलेका जिल्लाभन्दा पनि धेरै साना थिए । छ-सात सय घरधुरी भएका राज्य पनि थिए । स-साना राज्यलाई भुरे टाकुरे राज्य भनिन्थ्यो । २०,००० भन्दा बढी घरधुरी भएका राज्य त दुई-चार मात्र थिए । भौगोलिक आधारमा एकीकरण पहिलेका राज्यहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ-

(क) बाइसे राज्य कर्णाली प्रदेशका राज्यहरूलाई बाइसे राज्य भनिन्थ्यो । मध्यकालमा कर्णाली प्रदेशमा बाइसभन्दा बढी राज्यहरु भएकाले ती राज्यलाई बाइसे राज्य भनिएको हो भन्ने एक थरि मान्यता छ । बाइस पाखा जुम्ला राज्यको प्रभावअन्तर्गत रहेका कर्णाली प्रदेशका राज्यहरूलाई समष्टिगत रूपमा बाइसे राज्य भनिएको हो भन्ने अर्को मान्यता पनि छ । प्रमुख बाइसे राज्यहरूमा जुम्ला, जाजरकोट, दाङ, सल्यान, दुल्लु, दैलेख, अछाम, बझाङ, डोटी आदि थिए ।

(ख) चौबीसे राज्य- गण्डकी प्रदेशका राज्यलाई समूहगत रूपमा चौबीसे राज्य भनिन्थ्यो । प्रमुख चौबीसे राज्यहरूमा तनहुँ, लमजुङ, कास्की, भीरकोट, पर्वत, पाल्पा, गुल्मी, अर्घा, खाँची, प्युठान आदि थिए । गोर्खा र मुस्ताङको गणना चौबीसेमा हुँदैनथ्यो ।

(ग) नेपाल उपत्यकाका मल्ल राज्य- त्यस बखत काठमाडौँ उपत्यकालाई मात्र नेपाल भनिन्थ्यो । नेपाल उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुर नामका तीनवटा अलग स्वतन्त्र राज्य थिए । यी राज्यमा एउटै मल्लवंशका राजाहरु राज्य गर्दथे ।

राज्यको राजधानी थियो। यो राज्य पूर्वी तराईमा महोत्तरीसम्म फैलिएको थियो । पूर्वी नेपालको कोशी प्रदेशमा चौदण्डी र विजयपुर नामका अलग राज्यहरु थिए । यी तीनवटै

(घ) पूर्वका सेन राज्य उपत्यकाको दक्षिणतर्फ मकवानपुर गढीमा मकवानपुर राज्यमा पाल्पाबाट छुट्टिएर गएको सेनवंशका राजाहरु राज्य गर्दथे ।

**२. राज्यहरूबीच झगडा**

मध्यकालका राज्यहरू साना भएकाले यसै पनि कमजोर थिए। यिनीहरू आपसमा झगडा र युद्ध गरिरहने हुँदा झन् कमजोर बन्न गएका थिए। नेपाल उपत्यकाका राजाहरु एउटै मल्लवंशका भए पनि यिनीहरूको आपसमा मेल थिएन। तिब्बतसँग व्यापार गर्ने र मुद्रा पठाउने विषयलाई लिएर यिनीहरु झगडा गरिरहन्थे। भक्तपुर नेपालको पुरानो राजधानी भएकाले त्यहाँका राजाहरु आफूलाई सर्वश्रेष्ठ सम्झन्थे । अरूभन्दा धनी र गक्तिशात्ती भएकाले कान्तिपुरका राजाहरु आफूलाई ३ नेपालेश्वर ठान्दथे । दरबार र मन्दिरहरु बनाउने विषयमा समेत यिनीहरूमा प्रतिस्पर्धा चल्दथ्यो । आफूखुशी राजा बनाउन सक्ने भएकाले ललितपुरका छ प्रधान (काजी) हरु पनि घमण्डी थिए । आपसमा युद्ध गर्न उपत्यकाका राजाहरु गोखा, तनहूँ, मकवानपुर र विजयपुरसम्म पनि गुहार माग्न पुग्थे। उता लमजुङ र गोर्खाका राजाहरु एउटै शाहवंशका भए तापनि एकअर्कालाई बाप-वैरी ठान्दथे। दाङ र प्युठान राज्यबीच बराबर युद्ध हुने गर्दथ्यो। यस्तैगरी जुम्ला र डोटीबीच पनि शत्रुता थियो। डोटीसे बझाङमाथि आक्रमण गरी लुटपाट मच्चाउँथ्यो। तनहुँ र गोर्खाबीच परम्परागत प्रतिस्पर्धा थियो । स-साना निहुँ झिकेर एकआपसमा लडाई गरिरहने र द्विमेकी राजाका विरोधीलाई उचालेर गृहकलह चर्काउने प्रयत्न भइरहन्थ्यो । क्रमश:




नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

**इन्द्र बहादुर गुरुङ** : वडा अध्यक्ष
**शोभा खतिवडा** : सदस्य
**ख्याम कुमारी परियार** : सदस्य
**खड्ग बहादुर राई** : सदस्य
**गोपालकृष्ण संग्रौला** : सदस्य

**५ नं. वडा कार्यालय**
**दमक नगरपालिका**
दमक-झापा





नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

**धर्मप्रसाद दाहाल** : वडा अध्यक्ष
**हरिमाया चुडाल** : सदस्य
**ममता रसाइली** : सदस्य
**पदमप्रसाद गिरी** : सदस्य
**खेम बहादुर श्रेष्ठ** : सदस्य

**८ नं. वडा कार्यालय**
**दमक नगरपालिका**
दमक-झापा


**दैनिक राशिफल**

आज मिति २०८३ साल वैशाख १८ गते शुक्रबार
01 May 2026
तिथि: पञ्चमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | काममा बढी ब्यस्तता । आर्थिक क्षेत्रमा केही सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पराक्रमले धन लाभ । मध्यान्हबाट मनमा अशान्ति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रहरुबाट सहयोग । परिवारमा झमेला । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कार्यमा बाधा, राजनीतिमा समस्या । सामान्य धन लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | राजनीतिमा सफलता । ११ बजेबाट केही समस्या । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आफन्तबाट सहयोग । माताजनमा कष्ट, खर्च बढ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | कार्यमा सफलता । ११ बजेबाट शत्रु बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | आंशिक लाभ । मध्यान्हबाट पढाईमा, बाधा । |
| धनु | य यो भा भी भ धा फा ढ भे | व्यवसायबाट लाभ, प्रेममा सुधार । ११ बजेबाट प्रेममा बाधा । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यापारबाट लाभ । सामान्य शारीरिक कष्ट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अध्ययनमा सुधार देखिन्छ । आर्थिक क्षेत्रमा प्रगति । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कार्यमा रोकावट । मनमा अशान्ति । |

# तिम्सिना परिवारबाट बालआश्रममा अक्षयकोष





स्वर्गीय अर्जुन (सगेस) तिम्सिना

दमक । दमक-६ निवासी ऐश्वर्य तिम्सिना परिवारले दमक-९ मा रहेको बालआश्रमका लागि १ लाख १ हजार १ सयको अक्षयकोष स्थापना गरेका छन् ।

आफ्नो नाती (नुतन र दीपा मिम्सिनाको सुपुत्र) अर्जुन (सगेस) तिम्सिनाको प्रथम वार्षिक तिथीको सन्दर्भमा रा.वा. बैंक दमकमा खोलिएको अक्षयकोषको रकम जम्मा गरेको भौचर हजुरबुबा ऐश्वर्य तिम्सिना, बुबा नुतन तिम्सिना र आमा दिपा तिम्सिनाले बिहीबार संस्थाकी अध्यक्ष मन्दरा पौडेल चिमरिया, सचिव दुर्गा काफ्ले र कोषाध्यक्ष मेनुका बुढाथोकीलाई हस्तान्तरण गरिएको छ ।

मृतक अर्जुनको एक वर्ष अघि अढाई वर्षको उमेरमा दुखद निधन भएको थियो । आश्रममा रहेका अनाथ बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र खानपानमा सहयोग पुगोस् भन्ने धारणा राखेको हजुरबुबा ऐश्वर्य तिम्सिनाले बताएका छन् ।

सो अवसरमा बाल बालिकालाई खाद्य सामग्री र फलफूल समेत वितरण गरिएको थियो ।

**शिक्षामा**....निर्णयले सामुदायिक विद्यालयहरुमा शैक्षिक गतिविधि शुन्य भएपनि ठूला भनिएका अधिकाँश निजी विद्यालयहरुमा शैक्षिक कृयाकलाप यस अघि देखि नै शुरु भईसकेका थिए । तर झापाको दमक नगरपालिकामा पनि यही नीति कार्यान्वयनमा रहेको दमक नगरपालिका शिक्षा शाखा प्रमुख प्रविण खड्का बताउँछन । खड्काका अनुसार अहिलेसम्म अग्रिम शुल्क असुलीसम्बन्धी कुनै आधिकारिक उजुरी आएको छैन । यद्यपि सामाजिक सञ्जालमा यस्ता गुनासा प्रशस्त देखिएका थिए । नगरपालिकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार वैशाख १५ देखि भर्ना र २१ गतेदेखि पठनपाठन सुरु गर्ने परिपत्र अनुसार नगरक्षेत्रका विद्यालयलाई परिपत्र गरिएको जानकारी पनि उनले दिए । यसले शैक्षिक क्यालेण्डरलाई एकरूप बनाउने प्रयास गरेको उनको टिप्पणी छ ।

विद्यालय व्यवस्थापन सुधारतर्फ पनि स्थानीय तह सक्रिय देखिएको छ । दमक नगरपालिकामा नगरप्रमुखको उपस्थितिमा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग बैठक बसेर वार्षिक कार्ययोजना र कार्यतालिका अनिवार्य रूपमा तयार गर्न निर्देशन दिइएको छ । साथै, पाठ्यपुस्तक वितरण प्रक्रिया पनि व्यवस्थित बनाइएको छ । विद्यार्थी संख्याको ७५ प्रतिशत प्रारम्भिक बजेट पठाउने र आवश्यकताअनुसार थप उपलब्ध गराउने नीति लागू गरिएको छ । यसले भर्ना भएका सबै विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने सुनिश्चितता गरेको पनि खड्काले बताए । यस वर्ष शुल्क निर्धारणसम्बन्धी अन्योल पनि देखिएको छ । गतवर्ष दमक नगरपालिकाले गरेको शुल्क निर्धारण विवादित बनेको तितो यथार्थ ओकल्दै खड्काले विद्यालयको ग्रेडिङ प्रक्रिया अपूर्ण भएकाले नयाँ शुल्क संरचना तय हुन नसकेको सुनाए ।

### शैक्षिक सुधारमा सरकार

सरकारले शैक्षिक सुधारलाई केवल विद्यालय तहमा सीमित नराखी समग्र प्रणालीमा परिवर्तन ल्याउने प्रयास गरेको देखिन्छ । परीक्षा प्रणालीलाई व्यवस्थित बनाउने लक्ष्यअनुसार एसईई र कक्षा १२ को नतिजा तोकिएको समयमै सार्वजनिक गर्ने योजना अघि सारिएको छ । यसले विगतको ढिलासुस्ती अन्त्य गर्ने अपेक्षा गरिएको छ। त्यस्तै, कक्षा ५ सम्मका परम्परागत परीक्षा प्रणाली हटाएर 'वैकल्पिक मूल्याङ्कन प्रणाली' लागू गर्ने तयारी गरिएको छ, जसले विद्यार्थीमा अनावश्यक परीक्षा दबाब घटाउने विश्वास गरिएको छ ।

डिजिटल प्रविधिको प्रयोग विस्तार पनि सुधारको अर्को महत्वपूर्ण पक्ष बनेको छ। अब शैक्षिक प्रमाणपत्रहरू अनलाइनमार्फत डाउनलोड गर्न सकिने व्यवस्था मिलाउने प्रक्रिया अघि बढाइएको छ । वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) पनि घरबाटै लिन सकिने बनाउने तयारीले प्रशासनिक झन्झट घटाउने देखिन्छ। यसले शिक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री बनाउने संकेत दिएको छ ।

उच्च शिक्षातर्फ पनि केही नीतिगत परिवर्तन गरिएका छन् । स्नातक तहसम्म अध्ययन गर्न नागरिकताको अनिवार्यता हटाउने निर्णयले धेरै विद्यार्थीलाई अवसर विस्तार गर्ने अपेक्षा गरिएको छ । साथै, सातै प्रदेशमा अटिजम विद्यालय सञ्चालन गर्ने योजना र गेटा मेडिकल कलेजमा एमबीबीएस कार्यक्रम सुरु गर्ने तयारीलाई पनि सकारात्मक कदमका रूपमा हेरिएको छ ।

यद्यपि, यी सुधार प्रयासबीच केही गम्भीर चुनौतीहरू अझै बाँकी छन्। शिक्षक तथा कर्मचारीका मागहरू अझै सम्बोधन हुन सकेका छैनन् । विद्यालय शिक्षा ऐन लामो समयदेखि प्रतीक्षामा रहेको छ। नेपाल शिक्षक महासंघ ले उक्त ऐन शीघ्र जारी गर्न माग गर्दै आएको छ । महासंघले स्थायी तथा अस्थायी शिक्षकका समस्या समाधान हुने गरी अग्रगामी ऐन ल्याउनुपर्नेमा जोड दिएको छ। साथै, आगामी बजेटमा शिक्षामा कम्तीमा २० प्रतिशत विनियोजन गर्नुपर्ने माग पनि अघि सारेको छ ।

त्यस्तै, केही जिल्लाहरूमा शिक्षकहरूले महिनौंदेखि तलब नपाएको गुनासो पनि आएको छ। सिराहा, धनुषा र बाजुरा लगायतका स्थानमा देखिएको यो समस्या समाधान गर्न तत्काल पहल आवश्यक रहेको महासंघले जनाएको छ। केही स्थानीय तहमा शिक्षकलाई विनाकारण सरुवा वा सेवाबाट हटाउने कार्य भइरहेको भन्दै त्यसप्रति पनि आपत्ति जनाइएको छ ।

समग्रमा हेर्दा, बालेन सरकारको एक महिनाभित्रको शैक्षिक सुधार प्रयासले सकारात्मक संकेत देखाएको छ । नीति निर्माणको स्तरमा स्पष्टता, पारदर्शिता र नियन्त्रणको प्रयास देखिए पनि यसको वास्तविक सफलता कार्यान्वयनमा निर्भर रहनेछ। शिक्षा क्षेत्रमा देखिएको गहिरो असमानता हटाउन दीर्घकालीन रणनीति, पर्याप्त बजेट, शिक्षक व्यवस्थापन र कडा अनुगमन आवश्यक पर्ने देखिन्छ । यदि यी सुधारहरू प्रभावकारी रूपमा लागू हुन सके भने नेपालको शिक्षा प्रणालीले नयाँ दिशा लिन सक्ने आशा गर्न सकिन्छ, अन्यथा यो प्रयास पनि विगतका अधुरा सुधारजस्तै सीमित उपलब्धिमै सीमित रहने खतरा रहन्छ ।

**अस्थायी**..... स्वतन्त्र रूपमा अघि बढ्न बाध्य भएको स्पष्ट पारे । भेलामा विभिन्न वक्ताहरूले अस्थायी शिक्षकहरूले वर्षौंदेखि अन्याय भोग्दै आएको उल्लेख गरे। राहत शिक्षक राष्ट्रिय समितिका संरक्षक खेमराज अधिकारीले राज्य र महासंघ दुवैबाट उपेक्षा भएको गुनासो गरे भने वरिष्ठ उपाध्यक्ष लालबहादुर श्रेष्ठले सामुदायिक विद्यालयमा अस्थायी शिक्षकहरूको योगदान महत्वपूर्ण हुँदाहुँदै पनि उनीहरू नै पीडित हुनु दुःखद भएको बताए । महासचिव जीवन तिमल्सिनाले अस्थायी र राहत शिक्षकका लागि 'गोल्डेन हेन्डसेक'को व्यवस्था गर्न माग गरे। साथै, सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्धता, पेशागत निरन्तरता सुनिश्चितता, दलगत गतिविधिबाट मुक्त वातावरणलगायत १५ बुँदे घोषणापत्र सार्वजनिक गरिएको छ । शिक्षक प्रतिनिधि शंकर जिसीले शिक्षकहरूको सुरक्षाबिना शिक्षा सुधार सम्भव नभएको उल्लेख गर्दै सरकारलाई शीघ्र वार्ता र समाधानतर्फ अग्रसर हुन आग्रह गरे। माग पूरा नभए देशव्यापी आन्दोलन चर्काउने चेतावनी दिइएको छ ।

**दमक**....निकायबीचको सहकार्यलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको मञ्चका पूर्व अध्यक्ष दिनेश अग्रवालले बताए।

**मेची**....त्यस क्षेत्रको पहिरो नियन्त्रण र सडक माथि रहेका कडा चट्टान काट्न एकसाता सडक बन्द गर्न लागिएको हो ।

सडक मर्मतका क्रममा हुनसक्ने सम्भावित जोखिम कम गर्न राजमार्ग आंशिक रूपमा बन्द गर्नुपरेको सहायक प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ ।

सडक डिभिजन इलामको अनुरोध तथा जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सो अवधिमा राजदुवाली खण्डमा सवारी आवागमन रोकिने भएको हो । प्रशासनले बन्द अवधिमा मेची कोरिडोर -गोलाखर्क-बेलासे) वा सिमलगोलाई-तिल्केनी सडकलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न आग्रह गरेको छ । योसँगै बाघखोर खण्डबाट हासपोखरी-होपेनचोक सडक प्रयोग गरेर साना सवारी ओहोरदोहोर गर्न सक्ने जनाइएको छ ।

निर्माण कार्य सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि आवश्यक भएकाले यात्रु तथा सवारी चालकलाई असहज रूपमा नलिन प्रशासनले अनुरोध गरेको छ ।

## लागूऔषध बेच्दै हिड्ने युवक पक्राउ

**दमक**/ लागूऔषध बेच्दै हिडिरहेका एक युवक दमकबाट पक्राउ परेका छन् । बुधबार दिउँसो १.४५ बजे दमक ९ मा लागूऔषध ब्राउन सुगर बेचबिखन गर्दै हिडिरहेका दमक ९ बस्ने ३७ वर्षीय मनकुमार लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले लिम्बूको शरीर खानतलासी गर्दा उनले लगाएको हाप ज्याकेटको देब्रेपट्टीको गोजीमा पोका पारी राखेको अवस्थामा प्लाष्टिकसहित ६ ग्राम ३५० मिलिग्राम र प्लाष्टिकबाहेक २ ग्राम ८० मिलिग्राम ब्राउन सुगर फेला परेको हो । उनलाई नियन्त्रणमा लिई इप्रका दमकमा ल्याई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**राजनीति**....मार्फत एकमुष्ट रूपमै खारेज गर्न लागेको हो । प्रधानमन्त्री कार्यालयका अनुसार सार्वजनिक निकायमा हुने नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने र दलीय राजनीतीकरण अन्त्य गर्ने उद्देश्यका साथ केही महत्वपूर्ण ऐनहरु संशोधनका लागि अध्यादेश ल्याउन लागिएको छ । जसमा संवैधानिक परिषद्को काम कर्तव्य र अधिकार सम्बन्धी ऐन २०६६ का प्रावधानहरूलाई सरकारले अध्यादेश मार्फत संशोधन गर्न सिफारिस गरेको छ। रास्वपा नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भए लगत्तै पुराना संवैधानिक, कानुनी र राजनीतिक प्रकृतिका नियुक्तिहरूलाई एकमुष्ट खारेज गर्ने चर्चा हुँदै आएको थियो । त्यस्ता नियुक्तिहरु खारेज गर्दा एकैपटक १२०० भन्दा बढी पदहरु खारेज हुने दाबी गरिएको छ । त्यसपछि सरकारले प्रतिस्पर्धाका आधारमा नयाँ नियुक्तिको तयारी गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस विज्ञ दीपा दाहालका अनुसार सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश मार्फत सहकारी क्षेत्रमा देखिएको विभिन्न खालकासमस्या समाधान गर्ने उपाय खोजिएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई नियमन गर्ने, यस प्रकृतिका संस्थाहरूले कार्य सञ्चालन इजाजतपत्र लिनुपर्ने र समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत रकम फिर्ताका लागि 'चक्रय राहत कोष' स्थापना गर्ने लगायतका व्यवस्थाहरु यस अध्यादेशमा रहेका छन् ।

यस्तै, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश समेत जारी गर्न सिफारिस गरिएको छ । विगतमा राजनीतिक रूपमा नियुक्ति तथा मनोनयन भएका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशसँग अनुकूल बनाउन यी अध्यादेशहरु सिफारिस गरिएको हो । यसैगरी, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सिफारिस गरिएको छ, जसअन्तर्गत २० वटा ऐन संशोधन हुनेछ ।

भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमा लगायतका कानुनमा देखिएका अवरोध हटाउन यो अध्यादेश सिफारिस गरिएको हो । साथै, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ। यो अध्यादेश सार्वजनिक निकायमा राजनीतिक रूपमा नियुक्ति भई बहाल रहेका पदाधिकारीहरूलाई पदमुक्त गर्ने उद्देश्यले ल्याइएको हो ।

यस्तै, सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ ।


ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०



अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।
- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**कमलमा**....

आगामी योजनामा समेट्ने प्रतिवद्धता जनाइएको थियो । गाउँपालिका अध्यक्ष राईले स्थानीय सरकार नागरिकप्रति पूर्ण रूपमा उत्तरदायी र पारदर्शी हुनुपर्नेमा जोड दिँदै यस्ता सार्वजनिक सुनुवाइ कार्यक्रमले जनप्रतिनिधि र नागरिकबीचको दूरी घटाउने विश्वास व्यक्त गरे । नागरिकबाट प्राप्त सुझावहरूलाई नीतिगत तथा योजनागत रूपमा समावेश गर्दै समृद्ध र व्यवस्थित गाउँपालिका निर्माणमा लागिपर्ने प्रतिबद्धता समेत उनले जनाए ।

त्यसैगरी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले नागरीक बाट प्राप्त गुनासालाई सँबोधन गर्दै आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, सहज र नागरिक मैत्री बनाउनेमा जोड दिईन् । प्रमुख प्रशासकिय अधिकृत केशव कुमार ढकालले सार्वजनिक सुनुवाइले स्थानीय तहका कामकारबाहीप्रति विश्वास बढाउनुका साथै समस्या समाधानमा सकारात्मक भूमिका खेलेको बताउदै नागरिक बाट प्राप्त सुभावलाई कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए ।


## डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. प्रधान कार्यालय दमक-५ झापाको

## धितो लिलाम सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०१/१८ गते शुक्रबार

**यस डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. दमक-५ झापाबाट तपसिलमा उल्लेखित ऋणी सदस्य श्री देवीलाल राजवंशी र गोपाल बहादुर बस्नेत ले व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण ऋणको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना व्याज, अन्य दैदस्तुर आदि रकम नतिरी नबुझाई संस्थासंग गरेको ऋण सम्बन्धि शर्त बन्धेजहरु उलग्घंन गरेको र संस्थाबाट पटक/पटक मैखिक तथा लिखित तरतागेता गर्दा समेत बेवस्था गरी बसेकोले क्रमशः मिति २०८०/१०/०९, मिति २०८१/०६/१६ र मिति २०८१/०८/११ मा पूर्व सन्देश राष्ट्रिय दैनिक पत्रिका क्रमशः ३५ दिने, १५ दिने, र ७ दिने र मिति २०८१/०८/१७, मिति २०८१/०९/२४, मिति २०८२/१२/०५ गते मा पूर्व सन्देश राष्ट्रिय दैनिक पत्रिकामा क्रमशः ३५ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण ऋण रकम चुक्ता गर्न अनुरोध गर्दा समेत उक्त ऋणको बक्यौदा साँवा र सोमा लागेको व्याज, हर्जना व्याज लगायत अन्य दैदस्तुर हरु समेत चुक्ता भुक्तान गर्न तर्फ ऋणीले कुनै ध्यान नदिएकाले धितो सुरक्षण बापत संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सहकारी ऐन २०७४ को परिच्छेद १३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी सहकारी नियमानुसार १५ दिने धितो लिलामद्वारा बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको हुँदा लिन इच्छु व्यक्ति तथा संस्थाहरुले संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रित पूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्र) औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिद कर्ता/ बोलपत्रवाल वा निजको आधिकारीक प्रतिनिधि तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न धितो लिलाम बिक्रिको प्रक्रिया गर्न कुनै बाधा पुग्ने छैन । धितो लिलाम बिक्रि गर्दा वा संस्था आफैले सकार गरेर लिदा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भयो वा हाम्रो/ मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्रि भयो वा संस्था आफैले सकार गरी लियो भने कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितो बन्धकीमा रहेको चल/अचल सम्पति बिक्रि गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४ तथा प्रचलित कानून बमोजिम ऋणीको घरघरानाको अन्य चलअचल जायजेथा श्रीसम्पतिबाट लेना रकम असुल उपर गरिने व्यवहोरा समेत सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।**

तपशिल

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| ऋणी/ जग्गाधनी : देवी लाल राजवंशी<br>बाबु : देवी प्रसाद राजवंशी<br>बाजे : बधालु राजवंशी<br>ना.प्र.नं. : ५७०९८७४७<br>जारी मिति : २०४६/०१/१७ झापा<br>स्थायी ठेगाना : साविक महाभारा ४ हाल गौरीगञ्ज १<br>ऋणी/ जग्गाधनी : गोपाल बहादुर बस्नेत<br>बाबु : टंक बहादुर बस्नेत<br>बाजे : गजराज बस्नेत<br>ना.प्र.नं. ९७७३७२३९ जारी मिति : २०४५/०१/३० गते<br>स्थायी ठेगाना : साविक दमक-२ हाल दमक-३ | झापा जिल्ला महाभारा ४ कित्ता नं. २१३३, क्षेत्रफल ०-०-१०-० ज.वि १६९.३२ व.मि<br>झापा जिल्ला दमक २ नक्सा सिट नं. २क कित्ता नं. १०२६१, १०३७१, १०३९५, १०३७९, १०३५४, १०३८३, १०३९४, १०३५५ क्षेत्रफल ०-०-१.२५-०, ०-०-१०.५-०, ०-०-३.७५-०, ०-०-१३.२५-०, ०-०-१२-०, ०-१-१.७५-०, ०-०-२.५-०, ०-०-५.२५-० ज.मि |

**लिलाम बिक्री सम्बन्धी शर्त तथा बन्देजहरु**

१. बोलपत्र फारम यस संस्थाबाट कार्यालय समय भित्र रु. १०००/- (फिर्ता नहुने गरी ) तिरी प्राप्त गर्न सकिन्छ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भै सक्नु पर्ने छ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/ खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै संस्था खुलेको दिन दिउँसो दिनको ठिक ३ बजे बोलपत्र खोलिने छ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पतिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुन पर्ने छ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशत हुन आउनु धरौटि रकम यस संस्थाको नाममा रहेको माछापुच्छे बैंक दमक शाखाको खाता नं. ०६१००७१२२१३०००१८ मा जम्मा गरी सकल बैंक भौचर संस्थामा बुझाउनु पर्ने छ ।
६. बढि रकम कबुल गर्नको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको १५ दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नाम सारी गर्ने प्रकृया अगाडी बढाउनु पर्ने छ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतहः जफत हुने छ ।
७. कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा सम्झौता गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी संस्थामा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिद कर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ । लिलाम बिक्रि हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहानु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सर्म्पक राख्न सक्नु हुने छ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १३ को दफा ७९ को उपदफा ६ अनुसार लिलाम बिक्रि गर्दा कसैले नसकारेमा वा बोलकवल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित ऐन कानून तथा संस्थाको नियमनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्ने छ ।
१०. उल्लेखित सम्पति लिई सकेपछि सोको सम्पूर्ण जवाफदेहि स्वयम खरिद कर्ताको हुनेछ । धनि संस्था संग पछि कुनै कैफियत देखाउन वा दावी गर्ने पाईने छैन ।
११. लिलाम बोलकवल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरीने छैन । साथै लिलाम सदर / बदरको निर्णय नभए सम्म धरौटि रकम फिर्ता माग गर्न पाईने छैन ।
१२. शिलबन्धी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नु पर्ने छ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१३. बोलपत्र संस्थाबाट मिति २०८३ साल जेष्ठ १ गते शुक्रबार भित्रमा लिई सक्नु पर्नेछ ।

**पुनश्चत** :

*धितोबन्धक लेखिदिनेलाई सूचना : उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै धितो लिलाम हुने लिखित जानकारी यो सूचना प्रकाशन भएको पत्रिका सहित सम्बन्धित ऋणीको घर ठेगानामा हुलाक मार्फत पठाइएको छ । सो प्राप्त नभएमा पनि यसै सूचनालाई जानकारी प्राप्त भएको मानिनेछ । सूचनाको म्याद भित्र यथाशिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रि कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ ।*

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति, समय र स्थान |
|---|---|
| २०८३ साल जेष्ठ १ गते शुक्रबार कार्यालय समयसम्म डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. प्रधान कार्यालय दमक-५ झापा | २०८३ साल जेष्ठ ४ गते सोमबार दिनेको ३:०० बजे प्रधान कार्यालय दमक-५ झापा |



प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल